# स्याउ आत्मनिर्भर कार्यक्रम सञ्चालन निर्देशिका, २०६८
## (दोस्रो संशोधन २०७२)

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
फलफूल विकास निर्देशनालय, कीर्तिपुर

# स्याउ आत्मनिर्भर कार्यक्रम सञ्चालन निर्देशिका, २०६८
## (दोस्रो संशोधन २०७२)

**प्रस्तावना**

स्याउ नेपालको एक प्रमुख फल हो । आ.व. २०६७/६८ का अनुसार नेपालमा १०,३१२ हे. क्षेत्रफलमा स्याउको खेति भईरहेकोमा यसको वार्षिक उत्पादन ४२,७०४ मे.ट. रहेको थियो । फलफूल प्रति आम नेपालीहरुको बढ्दो चाहाना तथा जनसंख्या बृद्धिका कारण वर्षेनी स्याउको माग बढ्दो कममा रहेको छ । बढ्दो मागको तुलनामा स्वदेशी उत्पादन कम रहेकोले ठूलो मात्रामा विदेशी उत्पादनमा भर पर्नु परेको छ । आ.व. २०६७/०६८ मा कूल ४३,६८४ मे.टन स्याउ मुख्य गरि चीनवाट आयात भएको पाईएकोमा त्यसको लागि करिव ८७ करोड रुपैया बराबर विदेशी मुद्रा खर्चिनु परेको थियो । उपयुक्त हावापानी, श्रम र यथेष्ठ बजारको उपलव्धताको वावजुद पनि नेपाल स्याउमा आत्मनिर्भर हुन सकेको छैन । सोको कारण वर्षेनी करोडौ रुपैया विदेशिएको छ भने हजारौ युवा शक्ति बेरोजगार भई कामको खोजिमा खाडीको मुलुकमा सस्तो श्रम बेच्न वाध्य हुनु परेको छ । यसै तथ्यलाई मध्यनजर गर्दै क्रमिक रुपमा ११ वर्ष भित्र नेपालमा स्याउमा आयात प्रतिस्थापन गर्ने उद्देश्यले आ.व. २०६८।०६९ सालदेखि आ.व.२०७८/२०७९ सम्मको लागी स्याउमा आत्मनिर्भर (आयात प्रतिस्थापन) कार्यक्रम संचालन गर्ने लक्ष्य लिईएको थियो । यस कार्यकमको सञ्चालनबाट आ.व.२०७८/२०७९ सम्ममा व्यवसायिक स्याउ बगैंचाको क्षेत्रफल १७,८०२ हेक्टर र उत्पादन ७७,२५२ मे.टन पुग्ने र उत्पादन प्रति बर्ष क्रमिक रुपमा बढने अनुमान गरिएको छ । स्याउ उत्पादन हुने क्षेत्र कर्णाली अंचलका पाँच जिल्ला, मनाङ, मुस्ताङ्ग र रुकुम*मा उपयुक्त हावापानी, पर्याप्त सम्भाव्य उत्पादन स्थल भएको र स्याउ खेति पनि व्यवसायिक रुपमा भईरहेको छ । केही बर्ष यताको नेपाली उत्पादन र आयातको तथ्याङ्क हेर्दा हालको अवस्थामा ८४ हजार मे.टन जति स्याउ देशमा खपत भई रहेको अवस्था छ । जस्मा नेपाली उत्पादन ४२,७०४ मे.ट रहेको छ । यसै तथ्यलाई मध्यनजर गर्दै क्रमिक रुपमा १० वर्ष भित्र नेपालमा स्याउको उत्पादन ७७,२५२ मे.टन पु-याई स्याउमा आयात प्रतिस्थापन गर्ने उदेश्यले फलफूल विकास निर्देशनालय तथा सरोकारवाला निकायहरु वीच समन्वय गरि स्याउ आत्मनिर्भर कार्यक्रम आ.व.२०६८।०६९ देखि सञ्चालन गरिएकोमा सो निर्देशिका सामय सापेक्ष संशोधन आवश्यकता देखिएकोले स्याउ आत्मनिर्भर कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ (पहिलो संशोधन २०७०) लाई परिमार्जन गरी नेपाल सरकारले यो "स्याउ आत्मनिर्भर कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ ( दोस्रो संशोधन २०७१)" बनाई लागु गरेको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम "स्याउ आत्मनिर्भर कार्यकम सञ्चालन निर्देशिका, २०६८ (दोस्रो संशोधन २०७२)" रहेको छ ।

(ख) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय बा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "स्याउको आत्मनिर्भर कार्यकम" भन्नाले नेपाल सरकारको २०६८/६९ को बजेट बक्तव्य बुँदा नं. ६७ अनुसारको स्याउ आत्मनिर्भर कार्यक्रम र नेपाल सरकारबाट स्याउ खेतीको क्षेत्रविस्तार, उत्पादन तथा उत्पादकत्व वृद्धि गरी स्याउको बजारीकरण तथा पोष्टहार्भेष्ट कृयाकलापलाई व्यवस्थित तथा सुदृढिकरण गर्न सञ्चालन गरिने कार्यकमलाई सम्फनुपर्छ ।

(ख) "कार्यकम" भन्नाले स्याउको आत्मनिर्भर कार्यकम सम्फनुपर्छ ।

(ग) " खेती" भन्नाले स्याउको खेती सम्फनुपर्छ ।

(घ) "निर्देशनालय" भन्नाले नेपाल सरकार कृषि विकास मन्त्रालय, कृषि विभाग, फलफूल विकास निर्देशनालय सम्फनुपर्छ ।

३. **उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेकोछः-

(क) नेपालमा स्याउ खेतीको क्षेत्रविस्तार, उत्पादन तथा उत्पादकत्व वृद्धि गरि आ.व. २०७८/७९ सम्म नेपाललाई स्याउमा आत्मनिर्भर गराउन सहयोग पुऱ्याउने ।

(ख) आर्थिक बर्ष २०७८/७९ सम्ममा आयात प्रतिस्थापन गर्ने कार्यमा मद्दत पुऱ्याउने ।

---

* थप भएको

(ग) ग्रामिण स्तरमा रोजगारी वृद्धि गरि मौसमी, आन्तरिक तथा बाह्य बसाई सराई कम गर्ने कार्यमा सहयोग पुऱ्याउने ।
(घ) नर्सरी व्यवसायलाई व्यवसायिकरण गर्न आवश्यक मद्दत गर्ने ।
(ङ) स्याउको बजारीकरण तथा पोष्टहार्भेष्ट कृयाकलापलाई व्यवस्थित तथा सुदृढिकरण गर्ने ।
(च) कृषक सहकारी तथा समुहहरुको क्षमता बृद्धि गरी कृषकहरुको आयस्तरमा सुधार ल्याउन मद्दत गर्ने ।

**परिच्छेद २**

**४. स्याउको आत्मनिर्भर कार्यक्रम सञ्चालन र्गन अपनाईने रणनीति**

(४.१) स्याउ आत्मनिर्भर कार्यकमलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न नेपाल सरकारका विभिन्न निकायहरुबाट देहाय बमोजिमका रणनीति अपनाईने :-
(क) कृषकहरुको माग तथा प्राविधिकहरुले पहिचान गरेको उपयुक्त स्थानमा स्याउको क्षेत्र विस्तारको लागि विशेष कार्यक्रम संचालन गर्ने ।
(ख) हाल रहेका कृषकका बगैंचाहरुको उत्पादकत्व बढाउन काँटछाँट, रोग तथा कीरा, मलखाद व्यवस्थाप तथा सिंचाईको प्रबन्ध मिलाउने ।
(ग) उच्च गुणस्तरिय बेर्नाको उत्पादन गरी कृषकहरुको माग अनुसार आपूर्ति गर्ने ।
(घ) कृषकहरुको ज्ञान सिप तथा व्यवहारमा परिवर्तन ल्याउने ।
(ङ) सरकारी, सहकारी, गैरसरकारी तथा निजी क्षेत्रको साझेदारमा बजार व्यवस्थापन, प्रशोधन तथा भण्डारणमा जोड दिने ।
(च).गुणस्तरीय स्याउको अन्तर्राष्ट्रिय बजार प्रयोजनमा सरकारी तथा सहकारी/निजी क्षेत्रहरुले साझेदारीमा कार्यक्रम संचालन गर्ने ।
(छ) कृषकहरुको आवश्यकतालाई मध्यनजर गरी कृषकहरुको माग बमोजिम प्रत्येक वर्ष कार्यक्रम लागु भएका कर्णाली अञ्चलका हुम्ला, जुम्ला, कालीकोट, मुगु, डोल्पा, गण्डकी अञ्चलको मनाङ्ग, धवलागिरी अञ्चलको मुस्ताङ्ग र राप्ती अञ्चलको रुकुम* सहित ८ जिल्ला मा उन्नत ग्रेडिङ्ग/जुसर मेसिन अनुदानमा वितरण गरी कृषकहरुको स्याउ फलको मुल्य अभिबृद्धि गरी आयस्तरमा बृद्धि ल्याउने ।
(ज) कार्यकम सञ्चालनको लागि प्रभावकारी अनुगमन तथा मुल्यांकनको व्यवस्था गर्ने । यसको लागी स्याउ विशेषज्ञहरुको एउटा रोष्टर तयार गरी कार्यक्रम संचालन भएका सबै जिल्लाहरुको अनुगमन गराई प्रतिवेदन मार्फत कार्यक्रमलाई प्रभावकारी बनाउन सल्लाह र सुझावहरु लिईनेछ ।

(४.२) उपदफा (१) बमोजिमका रणनीतिलाई प्रभाबकारी रुपमा सञ्चालन गर्न नेपाल सरकारबाट आवश्यक कार्य योजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

**परिच्छेद ३**

**५. आयोजनाको छनौट तथा सञ्चालन**

(५.१) आ.व. २०६८।६९को नेपाल सरकारको बजेट तथा कार्यकममा ब्यक्त नीति तथा कार्यक्रमहरुको बुँदा न. ६७ र थप निर्णयलाई कार्यान्वयन गर्न नेपाल सरकारबाट कर्णाली अञ्चलका हुम्ला, जुम्ला, कालीकोट, मुगु, डोल्पा, गण्डकी अञ्चलको मनाङ्ग, धवलागिरी अञ्चलको मुस्ताङ्ग र राप्ती अञ्चलको रुकुम* गरी आठ जिल्लाहरु आयोजना क्षेत्रको रुपमा छनौट गरी उक्त कार्यकम लागु गरिनेछ ।
(५.२) उपदफा (५.१) बमोजिम छनौट गरिएका जिल्लाहरुमा सञ्चालन गरिने कार्यकमको अवधि आ.व २०६८।०६९ देखि २०७८।७९ सम्म एघार वर्षको हुनेछ र सो कार्यकमको पाँच वर्षको लागि लाग्ने अनुमानित बजेट अनुसूची १ मा उल्लेख गरिएको छ ।
(५.३) उपदफा (५.१) बमोजिमको आयोजना छनौट गर्दा संस्थागत रुपमा व्यवसायिक स्याउ उत्पादन गर्ने उत्पादक संस्था/समुहलाई सुदृढिकरण गरि गुणस्तरीय स्याउ उत्पादन गर्ने समुह/संस्था भएका तथा भौगोलिक हिसाबले स्याउ उत्पादन हुने हिसाबले जिल्लाहरुलाई प्राथमिकता दिई क्षेत्र छनौट गरिने छ ।
(५.४) उपदफा (५.३) बाहेक जिल्ला कृषि विकास कार्यालय तथा फार्म/केन्द्रहरु मार्फत स्थापना भएका व्यवसायिक बगैंचा तथा स्याउ खेती तर्फ उन्मुख भएका समुह/संस्थाहरु रहेका जिल्लाहरु पनि छनौट गरिनेछ ।

---
* थप भएको

६.**संचालन हुने मुख्य कार्यक्रम तथा कार्यविधि :** स्याउको आत्मनिर्भर कार्यक्रम सञ्चालनको लागि आयोजना छनौट भएका जिल्लाहरुमा सञ्चालन हुने कार्यक्रम तथा कार्यविधि देहाय अनुसार हुनेछ :-

| क्र.सं. | कार्यक्रम | संचालन कार्यविधि | जिम्मेवार निकाय तथा जिम्मेवार व्यक्ति |
|---|---|---|---|
| १ | स्याउको क्षेत्र विस्तार | प्रथम ५ बर्षे अवधि भरीमा कर्णाली अंचलका ५ जिल्ला तथा मनाङ, मुस्ताङ र रुकुम* जिल्ला गरि जम्मा ८ जिल्लामा १४०० हेक्टर जग्गामा व्यवसायिक स्याउ खेतीको क्षेत्रफल विस्तार गरिने छ। | जिल्ला कृषि विकास कार्यालय तथा फलफूल विकास निर्देशनालय, किर्तिपुर |
| २ | गुणस्तरिय विरुवा उत्पादन | कार्यक्रमले लक्षित गरे बमोजिम सरकारी फार्म/केन्द्रहरु तथा निजी नर्सरीहरुवाट ४,४५,००० गुणस्तरिय स्याउ विरुवा उत्पादन गरि वितरण गरिने छ। | जि.कृ.वि.का.हरु, कृ.विभाग तथा ने.कृ.अ.प.का फार्म/केन्द्रहरु, निजी नर्सरीहरु र फलफूल विकास निर्देशनालय |
| ३ | बगैंचा व्यवस्थापन (उत्पादकत्व वृद्धि) कार्यक्रम ( हे.) | योजना अनुसार ११०० हेक्टर पुराना तथा नयाँ स्थापना भएका स्याउ व्यवसायिक बगैंचाहरुमा स्याउको उत्पादन, उत्पादकत्व तथा गुणस्तर बृद्धि गर्नको लागि बगैंचा व्यवस्थापन (अभियान) कार्यक्रम संचालन गरिने लक्ष्य लिएको छ। | जि.कृ.वि.का.हरु, कृ.विभाग तथा ने.कृ.अ.प.का फार्म/केन्द्रहरु र फलफूल विकाय निर्देशनालय |
| ४ | स्याउको सेलार स्टोर निर्माण ( संख्या) | कार्यक्रमले ८* जिल्लामा स्याउ भण्डारणको लागी निजी/सहकारीको साझेदारीमा ३८ वटा स्याउको सेलार स्टोर निर्माण गरिनेछ। | जि.कृ.वि.का.हरु,कृषक सहकारी संस्थाहरु र फलफूल विकास निर्देशनालय |
| ५ | स्याउ बगैचामा थोपा सिंचाई# नमुना प्रर्दशन | कार्यक्रमले पांच बर्षे अवधीमा ८* जिल्लामा ६४ सेट स्याउ बगैंचाहरुमा थोपा सिंचाई प्रविधी प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ। | जि.कृ.वि.का.हरु, कृ.विभाग तथा ने.कृ.अ.प.का फार्म/केन्द्रहरु, फलफूल विकास निर्देशनालय र कृषि ईन्जिनियरिङ निर्देशनालय |
| ६ | स्याउ उत्पादन (मे.टन) | कार्यक्रम संचालन हुने ८* जिल्लामा पुराना बगैंचा व्यवस्थापन तथा नयाँ बगैंचा स्थापनाबाट ६२ हजार मे.टन स्याउ उत्पादन हुनेछ। | जि.कृ.वि.का. हरु, ने.कृ.अ.प. र फलफूल विकास निर्देशनालय |
| ७ | स्याउको आधुनिक तथा उन्नत ग्रेडिङ मेसिन वितरण | स्याउ फलको मुल्यमा अभिबृद्धि गराउन कार्यक्रम लागु भएका जिल्लाहरुमा मागको आधारमा ८*वटा आधुनिक तथा उन्नत ग्रेडिङ/जुसर मेसिन कृषक सहकारी/कृषक समूह संगको सहकार्यमा स्थापना गरी स्याउ फलको ग्रेडिङ तथा जुस प्रशोधन गरिनेछ। | जि.कृ.वि.का.हरु, कृषक सहकारी संस्थाहरु,ने.कृ.अ.प., र फलफूल विकास निर्देशनालय |

* थप भएको

# टेन्सियोमिटर हटाइ थोपा सिंचाइ कायम गरिएको

| क्र.सं. | कार्यक्रम | संचालन कार्यविधि | जिम्मेवार निकाय तथा जिम्मेवार व्यक्ति |
|---|---|---|---|
| ८ | कार्यक्रम तयारी व्यवस्था | ८.१. स्याउ आत्मनिर्भर कार्यक्रम संचालन गोष्ठी: कार्यक्रम संचालन भएका जिल्लाहरु* लगायत सरोकारवाला सहभागीहरुको गोष्ठि संचालन गरिने छ, जसमा स्याउ आत्मनिर्भर कार्यक्रम संचालन हुने निकायको कार्य प्रगती बारे समिक्षा र जिम्मेवारीको बांडफांड हुनेछ ।<br>८.२. स्याउ आत्मनिर्भर कार्यक्रम संचालन निर्माण तथा कृषक स्तर तालिमको लागि आवस्यक पर्ने व्यवस्था तथा पाठ्यक्रमको विकास गरिने छ । | जि.कृ.वि.का.हरु, ने.कृ.अ.प., फलफूल विकास निर्देशनालय, कृषि तालिम निर्देशनालय, र क्षेत्रीय कृषि निर्देशनालयहरु* |
| ९ | कृषक समुह छनौट | कृषक समूह छनौट गर्दा जि.कृ.वि.का., कृषि विभाग तथा ने.कृ.अ.प.का फार्म/केन्द्रहरुले संचालन गर्दै आएका तथा विगतमा समुह नभएका तर व्यवसायिक स्याउ उत्पादनमा संलग्न वा सम्भाव्य पकेटमा मात्र नयाँ समुह निर्माण गरी कार्य सन्चालन गरिनेछ । | जि.कृ.वि.का.हरु, कृ.विभाग तथा ने.कृ.अ.प.का फार्म/केन्द्रहरु र फलफूल विकास निर्देशनालय |
| १० | तालिम कार्यक्रम | पुराना व्यवसायीक रुपमा स्याउ उत्पादन गर्ने, स्याउ उत्पादन तर्फ उन्मुख भएका समुह तथा नयाँ स्याउ उत्पादक समुहका कृषकहरुलाई स्याउको उत्पादन, उत्पादकत्व तथा गुणस्तरमा बृद्धि ल्याउन २५ जनाको समूहमा ३ दिने जिल्ला स्तरिय तालिम सन्चालन गरिनेछ । तालिममा सहभागि कृषकहरुलाई १(एक) सेट कृषि औजार (करौति, सिकेचर अनिवार्य र अन्य सामाग्री आवश्यकता अनुसार)*उपलब्ध गराईनेछ । | जि.कृ.वि.का.हरु , कृ.विभाग तथा ने.कृ.अ.प.का फार्म/(केन्द्रहरु फलफूल विकास निर्देशनालय र कृषि तालिम निर्देशनालय* |
| ११ | प्राविधिक सामाग्री प्रकाशन तथा वितरण | स्याउको उत्पादन, उत्पादकत्व तथा गुणस्तरमा बृद्धि ल्याउन स्याउ उत्पादन, व्यवस्थापन तथा भण्डारण सम्बन्धी प्राविधीक पाठ्य सामाग्री प्रकाशन गरी वितरण गरिनेछ । | जि.कृ.वि.का.हरु, ने.कृ.अ.प फलफूल विकास निर्देशनालय र क्षेत्रीय कृषि निर्देशनालय* |
| १२ | अनुगमन मूल्यांकन व्यवस्था | यस कार्यक्रमको लक्ष्य अनुसार संचालित कार्यक्रमहरुको स्याउ विशेषज्ञ सहितको टोलीले संयुक्त रुपमा वा छुट्टा छुट्टै अनुगमनको कार्य संचालन गरिनेछ । | कृषि मन्त्रालय, कृषि विभाग, कार्यक्रम निर्देशनालय, क्षेत्रीय कृषि निर्देशनालय र ने.कृ.अ.परिषद |

* थप भएको

७. **कार्यक्रम कार्यान्वयन सम्वन्धी व्यवस्था :** स्याउको आत्मनिर्भर कार्यक्रम अन्तरगत देहाय बमोजिमका कार्यहरु समेत सञ्चालन गरिनेछ:-

(क) क्षेत्र विस्तार कार्यक्रम: यस कार्यक्रम अर्न्तगत नयाँ बगैचा स्थापनाको लागी कृषक वा कृषक समुहको छनौट, कृषकहरुको स्थलगत तालिम, खाडल खन्ने, मलखाद सहित पुर्ने, र बिरुवा तथा कृषि सामाग्री ढुवानीमा नेपाल सरकार, कृषि विभाग कृषि प्रसार निर्देशनालय वाट प्रकाशित नर्मस्[*] र जिल्ला दररेट अनुसार[*] अनुदानको व्यवस्थापन गरिने ।

(ख) गुणस्तरिय विरुवा उत्पादन कार्यक्रम- यस कार्यक्रम अन्तरगत देहायका कार्यक्रम सम्पन्न गरिने ।

(अ)जिल्लामा कृषक स्तरमा फलफूलको नयाँ निजी नर्सरी स्थापना/सुदृढिकरण गर्ने, माउ बोटको जातीय पहिचान सहित ब्लक स्थापना, व्यवस्थापन र आवश्यक रुट स्टक विरुवाको बगैंचा स्याहार संभार गरी कलमी विरुवा उत्पादन कार्यक्रमवाट जिल्लाको विरुवाको आवश्यकतामा आत्म निर्भर हुने [*]।

(आ) फार्म/केन्द्रहरुमा माउ बोट तथा रुट स्टक अध्ययन, बगैंचा स्याहार संभार र कलमी विरुवा उत्पादन ।

(ग) उत्पादकत्व वृद्धि कार्यक्रम: यस कार्यक्रम अन्तरगत समस्या निदान अभियान, फार्म/नर्सरी सुदृढिकरण र व्यवस्थापन, कृषकस्तर तालीम, कृषि औजार तथा पावर स्प्रेयर अनुदानमा वितरण (सिकेचर, प्रुनिङ स:, ल्किपर कैंचि, फलटिप्ने ब्याग, भऱ्याङ) तथा थोपा सिंचाई[π] सहितको नमुना प्रर्दशन गरिने छ ।

(घ) बजार व्यवस्थापन कार्यक्रम :- यस कार्यक्रम अन्तरगत कृषक समुह वा सहकारी गठन तथा सुदृढिकरण, स्याउ फलको मुल्य अभिवृद्धि गर्न मनाङ, मुस्ताङ्ग र रुकुम[*] सहित कर्णाली अञ्चलका ५ जिल्लामा उन्नत ग्रेडिङ्ग/जुसर मेशिन आदी, स्याउ फललाई सुरक्षित तवरले गुणस्तर कायम राख्दै बजार पहुँचको अवसर प्रदान गर्न कार्टुन खरिदमा अनुदान[*] दिईने छ ।

८. **प्रमुख भूमिका र जिम्मेवारी तोकिने :**

(८.१) कार्यक्रमलाई सुचारु रुपले सञ्चालन गराउन नेपाल सरकारका विभिन्न निकाय तथा पदाधिकारीहरुलाई कार्यक्रम कार्यान्वयन सम्वन्धमा भूमिका समेत तोकिनेछ ।

(८.२) उपदफा (१) बमोजिम तोकिने जिम्मेवार व्यक्ति र निजको भूमिका अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

**९.खर्च सम्वन्धी व्यवस्था:**

(९.१) स्याउको आत्मनिर्भर कार्यक्रम कार्यान्वियनको लागि आवश्यक वजेट रकम नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार कृषि विभागबाट अख्तियारी सम्वन्धित निकाय, फलफूल विकास निर्देशनालय, कृषि विभाग, क्षेत्रीय कृषि निर्देशनालय[*] तथा नेपाल कृषि अनुसन्धान परिषद, वागवानी फार्म/केन्द्रहरु तथा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुमा पठाईनेछ ।

(९.२) कार्यक्रम सञ्चालनको लागि प्राप्त रकम सम्वन्धित कार्यालयहरुबाट प्रचलित नर्मस् को आधारमा खर्च गर्नु पर्नेछ ।

(९.३) कार्यक्रम सञ्चालनको सम्वन्धमा उपलव्ध गराईने अनुदान रकम तथा खर्चको नर्मस् अनुसूची ३ मा तोकिए बमोजिम हुनेछ ।

**१०. प्रगति प्रतिवेदन पठाउनु पर्ने:**

(१०.१) कार्यक्रम सञ्चालन भएका जिल्लाका जिल्ला कृषि विकास कार्यालय र फार्म केन्द्रहरुले संचालित कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा क्षेत्रीय कृषि निर्देशनालय, नेपाल कृषि अनुसन्धान परिषद र फलफूल विकास निर्देशनालयलाई पठाउनुपर्नेछ ।

(१०.२) उपदफा (१०.१) बमोजिम प्राप्त हुन आएका प्रगति प्रतिवेदनहरुलाई क्षेत्रीय कृषि निर्देशनालयहरुले आफ्नो क्षेत्रका जिल्ला कृषि विकास कार्यालयहरु तथा फार्म केन्द्रहरुको प्रगती एकमुष्ट कम्पाइलेसन गरि विश्लेषणात्मक प्रतिक्रिया सहित फलफूल विकास निर्देशनालयमा पठाउने र फलफूल विकास निर्देशनालयले सवै विकास क्षेत्रका प्रगती विवरण एकमुष्ट कम्पाइलेसन गरि विश्लेषणात्मक प्रतिक्रिया सहित विभागमा पठाउनु पर्नेछ[*] ।

---

[*] थप भएको

[π] टेन्सियोमिटर हटाइ थोपा सिंचाइ [illegible]

**११.अनुगमन सम्वन्धी व्यवस्था :**

(११.१) कार्यक्रम निर्धारित लक्ष्यका साथ सञ्चालन भएको छ वा छैन भनी सो कार्यक्रम सञ्चालन भएको तल्लो तहसम्म अनुगमनको कार्य सञ्चालन गरिनेछ ।

(११.२) कार्यक्रम सञ्चालन भएका क्षेत्रका किसानहरुले के कसरी कार्यान्वयन गरेका छन् भन्ने सम्वन्धमा सम्वन्धित जिल्ला कृषि विकास कार्यालय, फार्म/केन्द्रहरु, नेपाल कृषि अनुसन्धान परिषद र फलफूल विकास निर्देशनालयबाट आफूसंग सम्बन्धित कार्यक्रम संचालन क्षेत्रहरुमा अनुगमन गरिनेछ ।

(११.३) सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयबाट आफूसंग सम्बन्धित कार्यक्रम संचालन हुने जिल्लाहरुको अनुगमन निरीक्षण गरिने छ र कृषि विभाग, कृषि विकास मन्त्रालय, फलफूल विकास निर्देशनालयमा रहेको स्याउ विशेषज्ञहरुको रोष्टर बमोजिमको स्याउ विशेषज्ञ, अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोग सहितको केन्द्रिय अनुगमन टोलीवाट समेत कार्यक्रम कार्यान्वयनका सम्वन्धमा अनुगमन गरिनेछ ।

(११.४) उपदफा (११.२) र (११.३) बमोजिम अनुगमन गर्दा लक्षित अनुगमन कार्यको समय सीमा र अनुगमन गर्ने व्यक्ति समेत तोकी कार्ययोजना तयार गरी सोही अनुरुप अनुगमन कार्य सम्पन्न गरिनेछ ।

(११.५) यस दफा बमोजिम अनुगमन गर्न जाने व्यक्ति वा टोलीले अनुगमन कार्य सम्पन्न गरिसकेपछि आफुले अनुगमनमा देखेका कुराहरु सहितको प्रतिवेदन आफू बहाल रहेको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**१२. अपेक्षित उपलब्धी:** नेपाल सरकारले स्याउको आत्मनिर्भर कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको उपलब्धी हासिल गर्ने अपेक्षा लिएको छ :-

१२.१. प्रथम ५ वर्षमा पुराना बगैंचा व्यवस्थापनवाट हालको उत्पादकत्वमा २ मे.टन/हे. थप उत्पादन भई हालको उत्पादनमा कूल २०,००० मे.टन स्याउको थप उत्पादन हुनेछ । जसमा कृषकहरुले हालको मूल्य अनुसार ( रु.५० प्रति के.जी.) रु. १०० करोड थप आम्दानी गर्नेछन् ।

१२.२. नयां लगाइएको बगैंचाले लगाएको ८ वर्ष पछि प्रति हेक्टर ९ मे.ट.का दरले दिने उत्पादनवाट आ.व. ०७९।८० सम्म प्रति वर्ष थप १२,००० मे.टन स्याउ उत्पादन हुनेछ । यसको बजार मूल्य हालको बजार मूल्य अनुसार ६० करोड हुनेछ ।

१२.३. यसको अलावा आ.व. २०६८।०६९ देखि २०७२।०७३ सम्म थप हुने १,७१० हे. क्षेत्रफलको लागि १४५ रोपनी जग्गामा गरिएको नर्सरीवाट ५ लाख २० हजार बेर्ना उत्पादन हुनेछन् र सो वापत नर्सरी धनी कृषकहरुले १ करोड २५ लाख आम्दानी गर्नेछन् ।

१२.४. प्रस्तावित क्षेत्र विस्तारवाट (प्रति हेक्टर २.१५ जवानले बर्षभरि रोजगारी पाउने दरले) थप १४०० हेक्टरमा* ३०१० जनाले वर्ष भरि रोजगार पाउने छन् भने १४५ रोपनी क्षेत्रफलमा स्थापना हुने नर्सरीवाट २२४ जनाले वर्ष भरी रोजगार पाउनेछन् ।

१२.५. यस स्याउ आत्मनिर्भर कार्यक्रमको ५ वर्षको कूल लगानी रु. ७५ करोड ७ लाख ९२ हजार हुनेछ र यसवाट प्रति वर्ष करिब रु. ६२ करोड/बर्ष कृषकहरुलाई थप आम्दानी हुनेछ ।

१२.६. यसको साथै सालबसाली संचालनमा रहेका कार्यक्रमवाट ३००० हेक्टर मा क्षेत्र विस्तार आ.व. २०७९।०८० सम्म थप ३६,९०० मे.टन/प्रति वर्ष उत्पादन हुनेछ । त्यसबेला सम्म बढने जनसंख्या तथा मागलाई परिपुर्ति गर्न स्याउमा पूर्ण आत्म निर्भर हुन यो कार्यक्रमलाई आ.व. २०७२।०७३ देखि पुन ५ वर्षको लागि विस्तार गर्नु पर्नेछ ।

१२.७. प्रथम वर्षमा जुम्ला र मुस्ताङ्ग जिल्लामा उत्पादन भएको स्याउ गेडिङ्ग गरी कृषकले लिई रहेको हालको मुल्य भन्दा २० देखि ५० प्रतिशत सम्म बढी मुल्यमा स्याउको विक्रि हुने छ ।

१२.८. आ.व. २०६७/०६८ को तथ्याङ्क अनुसार स्याउको १०,३१२ हेक्टर क्षेत्रफलवाट ४२,७०४ मे.ट. उत्पादन भई उत्पादनको शालाखाला ३० प्रतिशत मुल्य अभिबृद्धि हुने देखिन्छ ।

१२. ९. अन्तरराष्ट्रिय व्यापारमा पहुँच पुगी प्रतिश्पर्धा गर्न सक्षम हुने छन् ।

१२.१०. स्याउको ग्रेडिङ्ग/जुसर मेसिन स्थापनावाट करिव ४ महिनामा एउटा जिल्लामा करिव थप ५०० युवाले रोजगारी पाउने छन् ।

**१३.निर्देशिकामा संशोधन:** नेपाल सरकारले आवश्यकता अनुसार यो निर्देशिकामा संशोधन तथा थपघट गर्न सक्नेछ ।

---

* थप भएको

अनुसूची १

कार्यक्रमको पाँच वर्षे लक्ष्य अनुमान

| क्र.स. | लक्ष्य | पहिलो वर्ष ०६८/६९ | दोश्रो वर्ष ०६९/७० | तेस्रो वर्ष ०७०/७१ | चौथो वर्ष ०७१/७२ | पाचौ वर्ष ०७२/७३ |
|---|---|---|---|---|---|---|
| १ | स्याउको क्षेत्र विस्तार गर्ने (हे.) | ५० | १५० | ५१० | ५०० | ५०० |
| २ | गुणस्तरिय विरुवा उत्पादन (सं हजारमा) | ५० | १५० | ५१० | ५०० | ५०० |
| ३ | बगैंचा व्यवस्थापन (उत्पादकत्व वृद्धि) (हे.) | ३०० | २१० | २०० | २०० | २०० |
| ४ | स्याउको सेलार स्टोरेज निर्माण (संख्या) | ३ | ५ | | १० | १० |
| ५ | [π]थोपा सिंचाई नमुना प्रर्दशन (संख्या) | १२ | २२ | | २० | २० |
| ६ | स्याउ उत्पादन (मे.टन) | ४०० | १,२०० | ३,००० | ३,५०० | ४,००० |
| ७ | स्याउ उत्पादकत्व (मे.टन/हे.) | ८.३ | ८.५ | ८.६ | ८.६ | ८.७ |
| ८ | स्याउको आयात प्रतिस्थापन (मे.टन) | १०,००० | १५,००० | २०,००० | २,५०,००० | ३,००,००० |
| ९ | ग्रेडिङ/जुसर मेसिन वितरण कार्यक्रम (रु हजारमा) | १२,८०० | १,००० | | १,००० | १५,००० |
| १० | स्याउ उत्पादन सम्बन्धि गोष्ठी (संख्या) | १ | १ | १ | १ | १ |
| ११ | अनुगमन मूल्यांकन व्यवस्था (संख्या) | ७ | १७ | १० | १० | १० |

प्रस्तावित खर्चको प्रमुख हिस्सा कृषकहरुलाई दिईने अनुदानमा खर्च हुनेछ । साथै मुद्रास्फिर्ति दर अनुसार खर्चमा केही थपघट हुन सक्ने छ ।

अनुसूची २

कार्यक्रम कार्यान्यन गर्ने निकाय र भूमिका

| क्र.सं | निकायहरु | मुख्य भूमिका | जिम्मेवारी | जिम्मेवार व्यक्ति तथा प्रतीनिधि |
|---|---|---|---|---|
| १ | कृषि मन्त्रालय, कृषि विभाग,ने.कृ.अ.परिषद तथा फलफूल विकास निर्देशनालय | अनुगमन तथा कार्य-निर्देश, प्राविधिक सर-सल्लाह तथा अनुगमन । | कार्यक्रम तर्जुमा तथा अनुगमन । | कृषि विभाग, ने.कृ.अ. परिषद र कार्यक्रम निर्देशनालय का प्रमूख तथा तोकिएको व्यक्ति |
| २ | जिल्ला कृषि विकास कार्यालय | स्याउ उत्पादक कृषक समुहको स्याउ उत्पादन कार्यमा प्राविधिक तथा, व्यवस्थापकिय टेवा पुर्‍याउने | स्याउ उत्पादन, उत्पादकत्व गुणस्तरबृद्धि तथा बजार प्रविधि सहयोग पुऱ्याउने । | जिल्ला कृषि विकास कार्यालयका प्रमूख तथा तोकिएको व्यक्ति |
| ३ | सरकारी वागवानी फार्म/केन्द्र तथा निजी नर्सरीहरु | श्रोत स्याउ वीरुवा तथा प्राविधिक सरसल्लाह दिने । | श्रोत वीरुवा उपलव्ध गराई प्राविधिक सेवा पुऱ्याउने । | फार्म/केन्द्रहरु र निजी नर्सरीहरुका प्रमूख तथा तोकिएको व्यक्ति । |
| ४ | क्षेत्रीय कृषि निर्देशनालय | स्याउ आत्मनिर्भर कार्यक्रमको अनुगमन, निरीक्षण गर्ने । | जिल्लाहरुलाई स्याउ उत्पादन पकेट क्षेत्रहरुको विवरण राख्न लगाउने । | क्षेत्रीय कृषि निर्देशक तथा तोकिएको व्यक्ति |

[π] टेंन्सियोमिटर हटाइ थोपा सिंचाइ कायम गरिएको

अनुसूची ३

**कार्यक्रम संचालन सम्वन्धि नर्मस् (Norms)**

यो कार्यक्रम संचालनकालागि कृषि प्रसार कार्यक्रम कार्यान्वियन निर्देशिका तथा नर्मस् तथा कर्णाली अंचल कृषि कार्यक्रम संचालन निर्देशिका को स्विकृत नर्मस अनुसारको अनुदान उपलब्ध गराईने छ भने अन्य कार्यक्रमहरुको आर्थिक कार्यविधी ऐन र नियमावलिको परिधी भित्र रही सम्पन्न गरिनेछ । यस कार्यक्रमका लागि मौजुदा नर्मस्मा देहाय बमोजिम हुने गरी प्रस्ताव गरिएको छ ।

**(क) प्राविधीक पक्ष**

**१. क्षेत्र विस्तार कार्यक्रम :**

अ) स्याउको कलमी विरुवाको हकमा प्रति बोट परल मुल्यमा ५०% रकम कृषकहरुलाई नेपाल सरकारले अनुदान उपलब्ध गराउने ।

आ) विरुवाको ढुवानी, प्याकिङ चार्ज, विरुवाको मोर्टालिटी र विरुवाको तौल सम्बन्धमा प्रचलित स्विकृत नर्मस् अनुसार अनुदानमा उपलब्ध गराउने ।

इ) आ.ब. २०७०/७१ वाट जिल्लामा तोकिएको लक्ष्य अनुरुप रोपेका स्याउको कलमी बिरुवाको लागि देहायको अनुगमन तथा प्रमाणिकरण समितिले अनुगमन गरी उक्त समितिको सिफारिसमा पहिलो बर्ष बगैचा रेखांकन, खाडल खन्ने, पुर्ने र रोप्ने कार्य संपन्न गरेपछि रु.५० प्रति वोट र विरुवा व्यवस्थापन (गोडमेल,मलखाद,सिंचाई र वाली संरक्षण कार्य आदि) गरेपछि रु.५० प्रति वोट गरी जम्मा रु १०० प्रतिबोट जिल्ला कृषि बिकास कार्यालयले रकम उपलब्ध गराउने छ । उक्त समितिले सिफारिस गरेपछि बितरण गरिएको पैसाको भरपाई सहितको क्षेत्रफल र बिरुवा बितरणको प्रतिलिपि पैसा बितरण भएको १ महिना भित्रमा अनिबार्य रुपमा फलफूल बिकास निर्देशनालयमा पेश गर्नुपर्नेछ । दोश्रो र तेस्रो बर्ष बगैचा ब्यबस्थापनका बार्षिक कार्यहरुको अनुगमन गरी समितिको सिफारिसमा रु १०० प्रतिबोट प्रतिबर्ष अनुदान उपलब्ध गराईने छ र चौथो बर्षदेखी कृषक आफैले बगैचा ब्यबस्थापनका सम्पुर्ण कार्यहरु गर्नु पर्नेछ ।

**अनुगमन तथा प्रमाणिकरण समिति**

- वागबानी बिकास अधिकृत -१ जना
- संबन्धित सेवा केन्द्रको प्रमुख- १ जना
- गा.वि.स. सचिव वा अध्यक्ष वा जिल्ला कृषि विकास समितिले तोकेको प्रतिनिधि* १ जना
- फार्म केन्द्रहरु रहेका जिल्लामा फार्म केन्द्रको प्रतिनिधि समेत - १ जना
- कृषि बिकास समितीमा प्रतिनिधित्ब गर्ने कृषक- १ जना

**२. गुणस्तरीय विरुवा उत्पादन कार्यक्रम :**

अ) यो कार्यक्रमको लागि आवश्यक पर्ने स्याउको गुणस्तरीय विरुवा फार्म/केन्द्र र नीजि नर्सरीहरुवाट उत्पादन गरी उपलब्ध गराइने छ ।

आ) आवश्यक परेमा पुरानो नीजि नर्सरीहरुलाई सुदृढीकरण र नीजि नर्सरी समेत स्थापना गरिने छ ।

इ) नीजि नर्सरी सुदृढिकरण र स्थापना गर्न प्रचलित नर्मस् अनुसार अनुदान उपलब्ध गराइने छ ।

ई) सरकारी फार्म/केन्द्रमा कार्यक्रमको लागि आवश्यक पर्ने गुणस्तरीय विरुवा उत्पादन गर्न लगाइने छ । यसको लागि सरकारी नर्मस् अनुसार विरुवा उत्पादन र माउवोट स्याहार संभार गर्न बजेटको व्यवस्था उपलब्ध गराइने छ ।

उ) विरुवाको गुणस्तर सरकारी मापदण्ड बमोजिम हुनु पर्नेछ ।

**३. उत्पादनशिल बगैचा व्यबस्थापन :**

**समस्या निदान :**

पुराना बगैंचालाई पुनर्स्थापना गर्न, काँटछाँट र रोग कीरा नियन्त्रण अभियान संचालन गर्दा स्थलगत रुपमा (घुम्ती) तालिम, प्रदर्शन, सिंचाई, आदीको लागि निम्नानुसारको नर्मस अनुशार सामाग्रीहरु अनुदान उपलब्ध गराइने छ । कृषकस्तर तालीममा कृषि विकास कार्यालयले माथी तोकिएको मापदण्ड (परिच्छेद ३, दफा ६ को तालिकाको क.सं. १० अनुसार)पुगेका २५ जना बगैचा धनी स्याउ कृषकहरुलाई स्थलगत तालिम

* थप भएको

दिईनेछ । उत्पादन सामाग्री वितरणमा स्थानिय दररेटलाई आधार मानी निम्नानुसार अनुदानको व्यवस्था हुनेछ ।

| कार्यक्रम | अनुदान प्रतीशत |
|---|---|
| क) सिकेचर (२०० एम.एम.) | परल मुल्यमा ७५% अनुदान दिईने छ । |
| ख) प्रुनिङ्ग सः (डव्वल धार फोल्डीङ्ग भएको) | परल मुल्यमा ७५% अनुदान दिईने छ |
| ग) पावर स्प्रेयर | परल मुल्यमा ७५% अनुदान दिईने छ । |
| घ) थोपा सिंचाई[π] नमुना प्रर्दशन | परल मुल्यमा ७५% अनुदान दिईने छ । |
| ङ) स्याउ उत्पादन सामाग्री ढुवानीमा | परल मुल्यमा ७५% अनुदान दिईने छ । |

४. **बजार व्यवस्थापन कार्यक्रम :**

जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएको कृषक समूह वा सहकारी संस्थाहरुलाई एक मुष्ठ रुपमा निम्न सामाग्रीहरु स्याउ फलको Value Addition गर्न निम्नानुसार स्थानिय दररेटलाई आधार मानि अनुदानमा उपलव्ध गराइने छ ।

| | |
|---|---|
| क) कार्टुन छपाई, | कार्टुन छपाईका लागी ढुवानी समेत ७५% अनुदान उपलव्ध गराईनेछ । |
| ख) एलमुनियमको ६ खुटकिलो भएको फोल्डीङ्ग भऱ्याङ्ग | परल मुल्यमा ७५% अनुदान दिईने छ । |
| ग) स्टील फ्रेम भएको हार्भेष्टीङ्ग व्याग | परल मुल्यमा ५०% अनुदान दिईने छ । |
| घ) स्याउको चाना बनाउने मेशिन | परल मुल्यमा ७५% अनुदान दिईने छ । |
| ङ) स्याउको आधुनिक ग्रेडिङ्ग/जुसर मेशिनमा | परल मुल्यमा ७५% प्रतिशत अनुदान दिईनेछ । |
| च) स्याउ फल भण्डारण गर्न सेलार स्टोर | परल मुल्यमा ७५% अनुदान दिईने छ । |

**५. स्याउ ढुवानी कार्टुनमा अनुदान कार्यक्रम :** उच्च गुणस्तर कायम राखी तथा सरल तरीका बाट स्याउ ढुवानी गरि मूख्य बजार सम्म पु-याउन २० किलो, १० किलो र ५ किलो क्षमताका मात्र निम्न स्पेशिफिकेशनका कार्टुनमा अनुदान दिईनेछ ।

(क) प्रस्तावित १० किलो ± २ क्षमतां कार्टुनको स्पेशिफिकेशन निम्न अनुसारको हुनेछ ।

- कार्टुनको क्षमता – १० किलो ± २ ।
- कार्टुनको साइज – ३०० mm X २५० mm X २९५ mm
- न्यूनतम Bursting Strenght – १४० PSI (१०.५किलो / से.मि.$^{२}$) ।
- न्यूनत्तम ५ (सात) प्लाईको Corrugated Carton प्रयोग गरेको हुनु पर्ने ।
- ३ (तीन) प्लाईको ४ वटा Deck Plate प्रत्येकको साइज २९५ mm X २४५ mm को हुनु पर्ने ।
- कार्टुनको न्यूनतम तौल ६०० ग्राम (चार वटा Deck Plate सहित) को हुनु पर्ने ।

(ख) ५ किलो ±१ किलो क्षमता कार्टुनको स्पेशिफिकेशन निम्न अनुसारको हुनु पर्नेछ ।

- कार्टुनको क्षमता – ५ किलो ± १
- कार्टुनको साइज – २४५ mm X १९५ mm X २७५ mm ।
- न्यूनतम Bursting Strenght – १२० PSI ।
- न्यूनत्तम ५ (सात) प्लाईको Corrugated Carton प्रयोग गरेको हुनु पर्ने ।
- ३ (तीन) प्लाईको ४ वटा Deck Plate प्रत्येकको साइज २३५ mm X १८५ mm को हुनु पर्ने ।
- कार्टुनको न्यूनत्तम तौल ६००ग्राम (चार वटा Deck Plate सहित) को हुनु पर्ने ।

[π] टेन्सियोमिटर हटाइ थोपा सिंचाइ कायम गरिएको

६. *स्याउ बगैचा व्यवस्थापन तथा उत्पादकत्व वृद्धि कार्यक्रम (सुदृढिकरण)

अनुसूची १२. मा उल्लेखित स्याउ खेतीको बार्षिक कार्यतालिकामा उल्लेख गरे अनुसार सिफारिस मात्रामा रोग कीरा व्यवस्थापनका लागी विषादी, मलजल, सुक्ष्मतत्व र कृषि सामाग्री तथा औजार खरिद तथा ढुवानी समेतमा प्रती हेक्टर रु ६० हजारबाट नवढाइ ७५ प्रतीशत अनुदान उपलब्ध गराउने ।

सिंचाइका लागी पाइप आवश्यकता अनुसार प्रती हेक्टर जैविक मल, यूरिया ३६९ के.जी., डि.ए.पी. २२८ के.जी., म्यूरेट अफ पोटास ३५१ के.जी., बोर्डो मिश्रण तथा पेष्ट बनाउनका लागी चुना, निलोतुथो, तथा आलसको तेल, स्याउमा लाग्ने रोग कीरा व्यवस्थापनका लागी ढुसी, ब्याक्टेरिया, तथा कीटनाशक विषादीहरु केराथेन, ब्लाइटक्स ५०, मालाथियन, रोगर, खनिजतेल, जैविक तथा बानस्पतिक विषादी र सुक्ष्मतत्व आदी को कुल मल्यमा ढुवानी समेतमा ७५ प्रतीशत अनुदान ।

## अनुसूची ४

### स्याउको ११ बर्षको प्रस्ताबित क्षेत्रफल, उत्पादन र उत्पादकत्वको लक्ष्य

| विषय | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रफल | ११५१६ | १२००० | १२४०० | १२८९६ | १३४१२ | १३९४८ | १४६४६ | १५३७८ | १६१४७ | १६९५४ | १७८०२ |
| उत्पादन | ४६३३८ | ४७८५१ | ५०२२२ | ५३७०६ | ५६३७९ | ६२७९१ | ६५६४१ | ६९१२० | ७१४२४ | ७४२८१ | ७७२५२ |
| उत्पादकत्व | ९.४ | ९.४ | ९.५ | ९.५ | ९.५ | ९.५ | ९.५ | ९.६ | ९.६ | ९.६ | ९.६ |

### २० बर्षसम्मको अनुमानित बार्षिक फलफूलको आवश्यकता र उपलब्धता

| विषय | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अनुमानित जनसंख्या | २९०६३६४८ | २९६३९१०८ | ३०२२५९६२ | ३०८२४४३६ | ३१५९३७७२ | ३१४३४७६० | ३२०५७१६८ | ३२६२११०० | ३३३३९२०० | ३३९९९३१६ | ३४,६७२,५०२ | ३५,३५९,०१८ | ४१३६३७८३ |
| आवश्यकता प्रति वर्ष @२.८ के.जि.को दरले, मे.टन | ८१३७८ | ८२९९० | ८४६३३ | ८६३०८ | ८८४६३ | ८८०१७ | ८९७६० | ९१५३७ | ९३३५० | ९५१९८ | ९७०८३ | ९९००५ | ११५८१९ |
| अनुमानित उत्पादन, मे.टन | ४६३३८ | ४७८५१ | ५०२२२ | ५३७०६ | ५६३७९ | ६२७९१ | ६५६४१ | ६९१२० | ७१४२४ | ७४२८१ | ७७२५२ | ८०३४२ | ११७७६० |
| प्रति व्यक्ती उत्पादन,( के जि) | १.६ | १.६ | १.७ | १.७ | १.८ | २.० | २.० | २.१ | २.१ | २.२ | २.२ | २.३ | ३ |

## अनुसूची ५

### स्याउ आत्मनिर्भर कार्यक्रमको केन्द्रियस्तर अनुगमन निरीक्षण तालिका २०७० :

| क्र.सं | कार्यक्रमको नाम | ईकाइ | चैमासिक बाँडफाँड | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | द्वितिय चौमासिक | तृतिय चौमासिक | |
| १. | केन्द्रियस्तर अनुगमन,क्षेत्र विस्तार , बगैंचा व्यबस्थापन तथा फार्म/केन्द्रहरु | संख्या | २ | ४ | ५ | योजना आयोग,कृषि मन्त्रालय,कृषि विभाग,क्षेत्रिय कृषि निर्देशनालय तथा फलफूल विकास निर्देशनालय |
| २. | नर्सरी अनुगमन निरीक्षण | संख्या | १ | २ | २ | क्षेत्रिय कृषि निर्देशनालय,फलफूल विकास निर्देशनालय |

* थप गरिएको

अनुसूची ६. क्षेत्र विस्तारको लागि उपलब्ध गराइने अनुदान लिनको लागि कृषक समूह वा व्यक्तिगत कृषकले १० रोपनी वा सो भन्दा माथीको क्षेत्रफलमा नयाँ बगैंचा स्थापना गरेको हुनु पर्नेछ । कृषक समुहको सामुहिक बगैचा बनाउँदा सबै जग्गा क्लस्टरमा जोडिएको हुनुपर्नेछ र हेर्दा एउटै बगैचा जस्तो देखिनु पर्नेछ । अलग अलग ठाउँको बगैचाबाट १० रोपनी पुऱ्याएर अनुदान लिन पाईने छैन ।

अनुसूची ७. उत्पादकत्व वृद्धि कार्यक्रम र बजार व्यवस्थापन कार्यक्रमको लागी आवश्यक सामाग्रीहरुमा दिईने अनुदानका लागि कृषक समूह वा व्यक्तिगत कृषकले १० रोपनी वा सो भन्दा माथीको क्षेत्रफलमा नयाँ बगैचा स्थापना गरेको हुनु पर्नेछ । कृषक समूहको सामूहिक बगैंचा सबै जग्गाको कित्ता जोडिएको हुनु पर्नेछ । अलग अलग ठाउँको बगैंचावाट १० रोपनी पुऱ्याएर अनुदान लिन पाइने छैन ।

अनुसूची ८. कृषकस्तर तालीममा कृषि विकास कार्यालयले माथी तोकिएको मापदण्ड (परिच्छेद ३, दफा ६ को तालिकाको क.सं. १० अनुसार) पुगेका २५ जना स्याउ कृषकहरुलाई स्थलगत तालिम दिईनेछ ।

अनुसूची ९. जिल्लामा भएका नर्सरी धनीहरुलाई पनि नर्सरी धनी कृषकहरुको तालिम, अनुगमन तथा प्रतिवेदन तयारीमा संलग्न गराईनेछ ।

अनुसूची १०. जिल्ला कृषि विकास कार्यालयहरुले हरेक महिनाको मसान्त भित्र फलफूल विकास निर्देशनालयमा खर्चको फांटवारी सहितको मासिक प्रगती पठाई सक्नु पर्नेछ ।

अनुसूची ११. सबै कार्यक्रम अनुगमन तथा मुल्याङ्कन गर्ने निकायहरु तथा सरोकारवाला निकायहरुवाट आवश्यकता अनुसार अनुगमन फिल्ड भ्रमण गरेपछि मूल्याङ्कन प्रतिवेदन तयार पारिने छ ।

अनुसूची १२.

क)स्याउ खेतीको बार्षिक कार्यतालिका

| महिना | प्रमुख कार्यहरु |
|---|---|
| श्रावण | बगैंचा सरसफाई गर्ने । |
| | स्याउमा लाग्ने गुलावी रोगको लागि १% को बोर्डो मिश्रण तयार गरि स्प्रे गर्ने । |
| | बोक्रा खुइलिने (Papery Bark) रोगको लागी बोर्डोपेष्ट बनाई रोग लागेको भागमा लगाउने । |
| | धूलो ढूसी/खराने (Powdery Mildew) रोग देखा परेमा केराथेन १ देखी २ ग्राम/लीटर पानीमा हाली छर्कने । |
| | पानी जम्ने ठाउंहरुमा पानीको निकासको प्रवन्ध मिलाउने । |
| भाद्र | बगैचा सरसफाई गर्ने । |
| | स्याउको गुलावी रोगको रोकथामका उपायहरु अपनाउने । |
| | स्याउमा लाग्ने पाउडरी मिल्डयू रोग रोकथाम गर्न १% को बोर्डो मिश्रण स्प्रे गर्ने । |
| आश्विन | स्याउको गुलावी रोग रोकथाम गर्न रोगग्रस्त भागलाई सफा चक्कुले खुर्केर बोर्डोलेप तयार गरि ब्रुसले लगाउने । |
| | स्याउको फेद कुहिने रोगको रोग ग्रस्त भाग सफा चक्कुले हटाई बोर्डोपेष्ट लगाउने तथा जरा कुहिने रोगको लागि १% को वोर्डो मिश्रण तयार गरी फेद नजिक माटोभित्र पस्ने गरि खन्याउने । |
| | रोग ग्रस्त स्याउको बोक्रा बटुली जलाई दिने । |
| कार्तिक | बगैचा सरसफाई गर्ने र हल्का खनजोत गर्ने । |
| | बोट विरुवालाई छापो दिने । |
| मंसिर | झरेका पातहरुलाई बटुली जलाई दिने वा मल बनाउन खाडलमा हाल्ने । |
| | माटोमा चिस्यानको कमी भएमा सिंचाई गर्ने । |

| महिना | प्रमुख कार्यहरु |
|---|---|
| | कम्पोष्ट तथा रसायनिक मलको व्यवस्था मिलाउने ।<br>नयँ बगैंचा स्थापनाको लागि रेखाङ्कन गर्ने, खाडल खन्ने र पुर्ने । |
| पौष | नयँ बगैंचा स्थापनाको लागि खाडल खन्ने, पुर्ने र विरुवा रोप्न शुरु गर्ने ।<br>पुरानो विरुवा मरेको ठाउंमा नयाँ विरुवा लगाउने ।<br>बोट विरुवाको कांटछांट शुरु गर्ने । |
| | कांटछांट सके पछि बोर्डो पेष्ट (Bordopaste) बनाएर काटेको भागमा र फेदमा लगाई हाल्ने ।<br>बोट विरुवा गोडमेल गरि कम्पोष्ट मलको साथै सिफारिश गरिएका रासायनिक मलको मात्रा प्रयोग गरि हल्का सिंचाई गर्ने ।<br>स्याउको कत्ले किरा (Scale Insect) नियन्त्रण गर्न बिरुवामा छर्ने खनिज तेल जस्तै ATSO वा Servo Oil १५ देखी २० एम एल प्रति लिटर पानीमा मिसाएर वोटको सबै भागमा भिज्ने गरेर छर्ने ATSO वा Servo Oil छर्नु भन्दा अगाडी बगैचामा भएका सबै स्याउको वोटलाई भिज्ने गरी Bordeaux Mixture को घोल बनाएर छर्ने । |
| माघ | पौष महिनामा गर्नु पर्ने अन्य कृयाकलापहरु नगरेको भए यस महिनामा पुरा गर्ने ।<br>स्याउको कत्ले किरा नियन्त्रण गर्न खनिज तेल जस्तै Servo Oil /ATSO Oil १५ देखी २० एम एल र कुनै एक दैहीक बिषादी १ एम एल प्रति लिटर पानीमा मिसाएर स्प्रे गर्ने । |
| फाल्गुण | सिंचाई गर्ने ।<br>सिंचाईको व्यवस्था नभएको स्थानमा मल्चीङ्ग (छापो) को व्यवस्था गर्ने । |
| चैत्र | बोटविरुवामा आएका सकरहरु; चोर हांगाहरु, तथा सुकेका हांगाहरु भए ति सबै हटाउने ।<br>सिंचाई गर्ने ।<br>मल्चीङ्ग गर्ने ।<br>नयां पालुवा आउन साथ पाल बनाउने कीरा (Tent Caterpillar) रोकथाम गर्न मालाथायन वा साईपरमेथ्रिन २ एम एल प्रति लिटर पानीमा मिसाएर स्प्रे गर्ने । |
| बैशाख | सकरहरु, चोरहाँगाहरु तथा सुकेका हँगाहरु भए ती हटाउने ।<br>बगैंचा सरसफाई गर्ने ।<br>स्याउको पहिलो बर्षको हँगालाई तालिम दिने ।<br>आवश्यकता अनुसार सिंचाई गर्ने । |
| जेष्ठ | रातो सुलसुले किरा (Red Spider Mites) नियन्त्रण गर्न बिरुवामा प्रयोग गर्ने खनिज तेल जस्तै सर्भो १० देखी १५ मि.लि प्रति लिटर पानीमा मिसाई प्रयोग गर्ने<br>नियमित बर्षा नभए सिंचाई गर्ने ।<br>Bordeaux Mixture को घोल बनाएर हरेक स्याउको फेदमा प्रति वोटको साईज हेरेर ५ देखि १५ लिटर हाल्ने (Drenching) छर्ने । |
| आषाढ | बगैंचा सरसफाई गर्ने ।<br>कम्पोष्ट मलको लागि खाडल खन्ने ।<br>स्याउमा गुलावी रोग रोकथाम गर्न बोर्डो पेष्ट वा पेन्ट लगाउने । |

ख) स्याउको वोटको उमेरको आधारमा मलखादको मात्रा* ।

| क.सं. | वोटको उमेर (बर्ष) | गोबर वा कम्पोष्ट मल के.जी./वोट | युरिया ग्राम/वोट | डि.ए.पि. ग्राम/वोट | म्युरेट अफ पोटास ग्राम/वोट |
|---|---|---|---|---|---|
| १. | १ | १० | १२३ | ७६ | ११७ |
| २. | २ | २० | २४६ | १५२ | २३४ |
| ३. | ३ | ३० | ३६९ | २२८ | ३५१ |
| ४. | ४. | ४० | ४९२ | ३०४ | ४६८ |
| ५. | ५. | ५० | ५०५ | ३८० | ५८५ |
| ६. | ६. | ६० | ६२८ | ४५७ | ७०२ |
| ७. | ७ | ७० | ८६१ | ५३३ | ८१९ |
| ८. | ८ | ८० | ९८४ | ६०९ | ९३६ |
| ९. | ९ | ९० | ११०७ | ६८५ | १०५३ |
| १०. | १० र माथी | १०० | १२३० | ७६१ | ११७० |

अनुसूची १३. सहकारी ऐन र नियमावलीको परिधि मित्र रही सहकारी विभाग/बोर्ड/संघ/संस्थाहरु मार्फत दर्ता भएको सक्रिय सहकारी संस्थाहरु छनौट गरिनेछ ।

अनुसूची १४. उन्नत स्याउ ग्रेडिङ्ग/जुसर मेशिन टेन्डर गरी प्रतिस्पर्दाको प्रकृयावाट उपलब्ध गराईने छ ।

अनुसूची १५.यसरी छनौट र सिफारिस भै आएका जिल्लाका सहकारी संघ या प्रारम्भिक सहकारी संस्थाहरुलाई कार्यक्रम बमोजिम जिन्सी सामाग्री उपलब्ध गराईनेछ ।

अनुसूची १६.सामाग्रीहरु फलफूल विकास निर्देशनालयल, कीर्तिपुर तथा जिल्ला कृषि विकास कार्यालयहरुवाट नेपाल सरकारको आर्थिक नियम तथा नर्मस अनुशार उपलब्ध गराईनेछ ।

अनुसूची १७.सामान जडान गर्ने स्थान, कटेरा जस्ता पुर्वाधारहरु सम्वन्धित समुह, सहकारी आफैले व्यहोर्नु पर्नेछ ।

अनुसूची १८. सामान आपुर्ति गर्ने पार्टीले सोझै सामान सम्वन्धित पार्टीलाई जिल्ला सदर मुकाम वा जडान स्थलमा बुझाई सोको दाखिला रिर्पोट पनि पेश गनु पर्ने छ ।

अनुसूची १९.सामान बुझ्ने व्यक्ति वा संस्थाले दैनीक भ्रमण भत्ता सम्वन्धित सहकारीवाट नै लिनु पर्नेछ ।

अनुसूची २०. सामान प्राप्त भै सके पछि सम्वन्धित सहकारी संस्थाले जिन्सी खातामा आम्दानी वांधि फलफूल विकास निर्देशनालयलाई जानकारी दिनु पर्ने छ । प्राप्त सामाग्रीहरु सहकारीको नाममा आम्दानी वाधि रेकर्ड राख्नु पर्ने छ ।

अनुसूची २१. सामान वुझ्न आउने व्यक्तिले आफ्नो परिचय पत्र र सम्वन्धित सहकारीको सिफारिस पत्र फलफूल विकास निर्देशनालयलाई लिई आउनु पर्ने छ ।

**ग.आर्थिक पक्ष**

**अनुमानित खर्च विवरण (रु. हजार) :**

| बर्ष | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| प्रस्तावित वजेट | ३०७९२ | ५५३०३ | १२००० | २०००० | ३६००० |

प्रस्तावित खर्चको प्रमुख हिस्सा कृषकहरुलाई दिईने अनुदानमा खर्च हुनेछ ।

---

* थप गरिएको

स्याउ आत्म निर्भर कार्यक्रम सञ्चालन निर्देशिका २०६८ (दोस्रो शंसोधन २०७२) मा शंसोधन गर्न परेका परिच्छेद, शिर्षक तथा संशोधन गर्न परेका कारणहरु

| साविक | शंसोधन भइ कायम हुने | शंसोधन गर्नु पर्ने कारण |
|---|---|---|
| प्रस्तावना | प्रस्तावना<br>हरफ नं. १३ मा रुकुम थप | परिछेच्द नं. ३ दफा ५, उपदफा १ .... ...<br>भौगोलिक हिसावले स्याउ उत्पादन हुने हिसावले जिल्लाहरुलाइ प्राथमिकता दिइ क्षेत्र छनौट गरिने छ भन्ने अनुसार नै रुकुम जिल्लालाइ थप गरिएको |
| परिच्छेद २<br>४. **४.रणनिति अपनाइन**<br>१ ...मुस्ताङ्ग गरि सात जिल्लाहरु | परिच्छेद २<br>**४. स्याउको आत्मनिर्भर कार्यक्रम सञ्चालन गर्न अपनाईने रणनीति**<br>(छ). ...मुस्ताङ्ग र राप्ती अञ्चलको रुकुम गरि आठ जिल्लाहरु | जिल्ला थप भएकोले |
| परिच्छेद ३<br>**५. आयोजना छनौट गरि लागु गरिने**<br>१ ...मुस्ताङ्ग गरि सात जिल्लाहरु | परिच्छेद ३<br>**५. आयोजनाको छनौट तथा सञ्चालन**<br>(५.१). ...मुस्ताङ्ग र राप्ती अञ्चलको रुकुम गरि आठ जिल्लाहरु | जिल्ला थप भएकोले |
| **६.संचालन हुने मुख्य कार्यक्रम तथा कार्यविधि**<br>क.सं.५ स्याउ बगैचामा थोपा सिंचाई Tensiometer सहित नमुना प्रर्दशन | **६.संचालन हुने मुख्य कार्यक्रम तथा कार्यविधि**<br>क.सं.५ स्याउ बगैचामा थोपा सिंचाई नमुना प्रर्दशन | स्याउ आत्म निर्भर कार्यक्रम लागू भएका उच्च हिमाली जिल्ला हरुमा Tensiometer को सर्व सुलभ उपलब्ध नहुने देखिएकोले राख्नै पर्ने वाध्यकारी नपार्नका लागी शंसोधन आवश्यक देखिएको |
| **६.संचालन हुने मुख्य कार्यक्रम तथा कार्यविधि**<br>क.सं.७<br>७ वटा........... | **६.संचालन हुने मुख्य कार्यक्रम तथा कार्यविधि**<br>क.सं.७<br>......... कार्यक्रम लागु भएका जिल्लाहरुमा मागको आधारमा ८ वटा ............ | जिल्ला थप भएकोले |
| **६.संचालन हुने मुख्य कार्यक्रम तथा कार्यविधि**<br>क.सं.८ कार्यक्रम तयारी व्यवस्था (को संचालन कार्यविधि जिम्मेवार निकाय)<br>जि.कृ.वि.का.हरु , ने.कृ.अ.प., फलफूल विकास निर्देशनालय र कृषि तालिम निर्देशनालय | **६.संचालन हुने मुख्य कार्यक्रम तथा कार्यविधि**<br>क.सं.८ कार्यक्रम तयारी व्यवस्था<br>(को संचालन कार्यविधि र जिम्मेवार निकाय)<br>जि.कृ.वि.का.हरु, ने.कृ.अ.प., फलफूल विकास निर्देशनालय, कृषि तालिम निर्देशनालय, र क्षेत्रीय कृषि निर्देशनालयहरु | कार्यक्रम तयारी अवस्थामा क्षेत्रीय कृषि निर्देशनालयको अहम भूमीका रहने भएकोले थप गरिएको |
| **७ कार्यक्रम कार्यान्वयन सम्वन्धि व्यवस्था**<br>**(क) क्षेत्र विस्तार कार्यक्रम**<br>....कृषि सामाग्री ढुवानी अनुदान। ... | **७ कार्यक्रम कार्यान्वयन सम्वन्धि व्यवस्था**<br>**(क) क्षेत्र विस्तार कार्यक्रम**<br>....... कृषि सामाग्री ढुवानीमा कृषि विभाग कृषि प्रसार निर्देशनालय वाट | विरुवाको मूल्य, ढुवानी र अन्य सामाग्रीको अनुदानको रकम तथा प्रतिशत नखुलेकोले अनुदानको आधार खुलाएको |

| साविक | शंसोधन भइ कायम हुने | शंसोधन गर्नु पर्ने कारण |
|---|---|---|
| | प्रकाशित नर्मस् अनुसार अनुदान । | |
| **७ कार्यक्रम कार्यान्वयन सम्वन्धि व्यवस्था**<br>**(ग)उत्पादकत्व वृद्धि कार्यक्रम**<br>..... तथा थोपा सिंचाई Tensiometer सहित नमुना प्रर्दशन गरिने छ । | **७ कार्यक्रम कार्यान्वयन सम्वन्धि व्यवस्था**<br>**(ग) उत्पादकत्व वृद्धि कार्यक्रम**<br>..... फलटिप्ने ब्याग, भऱ्याङ) तथा थोपा सिंचाई सहित नमुना प्रर्दशन गरिने छ । | परिच्छेद ३ दफा ६ शिर्षक नम्वर ५ को कारण |
| **७ कार्यक्रम कार्यान्वयन सम्वन्धि व्यवस्था**<br>(घ) . **बजार व्यवस्थापन कार्यक्रम**<br>मनाङ र मुस्ताङ्ग सहित कर्णाली अञ्चलका ५ जिल्लामा उन्नत ग्रेडिङ्ग/ जुसर मेशिन, स्याउ फललाई सुरक्षित तवरले गुणस्तर कायम राख्दै बजार पहुँचको अवसर प्रदान गर्न कार्टुन तथा हवाई मार्गवाट स्याउ ढुवानीमा अनुदान । | **७ कार्यक्रम कार्यान्वयन सम्वन्धि व्यवस्था**<br>(घ) . **बजार व्यवस्थापन कार्यक्रम**<br>मनाङ, मुस्ताङ्ग र रुकुम सहित कर्णाली अञ्चलका ५ जिल्लामा उन्नत ग्रेडिङ्ग/ जुसर मेशिन, स्याउ फललाई सुरक्षित तवरले गुणस्तर कायम राख्दै बजार पहुँचको अवसर प्रदान गर्न कार्टुन खरिदमा अनुदान । | प्राय जसो जिल्लामा सडक यातायात पुगी सकेको वा पुग्ने अवस्था भएकोले ढुवानी अनुदान कहाँ कती मात्रासम्मलाइ दिने भन्ने एकीन गर्न गाह्रो पर्ने भएकाले स्याउ आत्म निर्भर कार्याक्रमवाट ढुवानी अनुदान हटाउन आवश्यक महशुस गरिएको |
| **१२.अपेक्षित उपलब्धी:** | **१२.अपेक्षित उपलब्धी:**<br>**१२.४ थप १४०० हेक्टरमा** | थप गरिएको |
| **अनुसूची १**<br>**कार्यक्रमको पाँच वर्षे लक्ष्य अनुमान (तालिका)**<br>क्र.सं. ५ (लक्ष<br>Tensiometer सहित थोपा सिंचाई नमुना प्रर्दशन (संख्या) | **अनुसूची १ कार्यक्रमको पाँच वर्षे लक्ष्य अनुमान (तालिका)**<br>क्र.सं. ५<br>थोपा सिंचाई नमुना प्रर्दशन (संख्या) | परिच्छेद ३ दफा ६, शिर्षक नम्वर ५ को कारण |
| अनुसूची ३<br>**(क) प्राविधिक पक्ष**<br>**१. क्षेत्र विस्तार कार्यक्रम**<br>ग) ......<br>अनुगमन तथा प्रमाणीकरण समिति:–<br>गा.बि.स सचिव- १ जना | अनुसूची ३<br>**(क) प्राविधिक पक्ष**<br>**१. क्षेत्र विस्तार कार्यक्रम**<br>इ) ......<br>अनुगमन तथा प्रमाणीकरण समिति:–<br>गा.वि.स. अध्यक्ष/सचिव वा जिल्ला कृषि विकास समितिले तोकेको प्रतिनिधि १ जना | गा.वि.स. सचिवको व्यस्तताको कारणे निजले समय दिन नसकेको अवस्थामा प्रतिनिधि तोक्न सक्ने प्रावधानको लागी कार्यविधि शंसोधन गर्न पर्ने देखिएको । |

| साविक | शंसोधन भइ कायम हुने | शंसोधन गर्नु पर्ने कारण |
|---|---|---|
| **अनुसूची ३**<br>**३, उत्पादनशिल वगैचा व्यवस्थापन**<br>**समस्या निदान**<br>घ) थोपा सिंचाई Tensiometer सहित नमुना प्रर्दशन परल मुल्यमा ७५% अनुदान दिईने छ। | **अनुसूची ३**<br>**३, उत्पादनशिल वगैचा व्यवस्थापन**<br>**समस्या निदन**<br>घ) थोपा सिंचाई सहित नमुना प्रर्दशन परल मुल्यमा ७५% अनुदान दिईने छ | परिच्छेद ३ दफा ६, शिर्षक नम्वर ५ को कारण |
| **अनुसूची ३**<br>**४, वजार व्यवस्थापन कार्यक्रम**<br>क) कार्टुन छपाई, ढुवानी र स्याउ फल प्याकिङ्ग गरी हवाई मार्गवाट ढुवानी (हुम्ला, मुगु र मनाङ्ग) कर्णाली अन्चल कृषि विकास कार्यक्रमको स्विकृत नर्मस अनुसार अनुदान उपलव्ध गराईनेछ। | **अनुसूची ३**<br>**४, वजार व्यवस्थापन कार्यक्रम**<br>क) कार्टुन छपाई,<br>कार्टुन छपाईका लागी ढुवानी समेत ७५% अनुदान उपलव्ध गराईनेछ। | परिच्छेद ३ शिर्षक नम्वर ७ (घ) को कारण |
| (नयां) | **अनुसूची ३**<br>**६. स्याउ वगैचा व्यवस्थापन उत्पादकत्व वृद्धि (सुदृढिकरण)**<br>अनुसूची १२. मा उल्लेखीत स्याउ खेतीको बार्षिक कार्यतालिकामा उल्लेख गरे अनुसार सिफारिस मात्रामा रोग कीरा व्यवस्थापनका लागी विषादी, मलजल, सुक्ष्मतत्व र कृषि सामाग्री तथा औजार खरिदमा प्रती हेक्टर रु ६० हजारवाट नवढाइ ७५ प्रतीशत अनुदान उपलव्ध गराउने। सिंचाइका लागी पाइप आवश्यकता अनुसार जैविक मल , यूरिया ३६९ के.जी., डि.ए.पी. २२८ के.जी., म्यूरेट अफ पोटास ३५१ के.जी., वोर्डो मिश्रण तथा पेष्ट वनाउनका लागी चुना, निलोतुथो, तथा आलसको तेल, स्याउमा लाग्ने रोग कीरा व्यवस्थापनका लागी ढुसी, व्याक्टेरिया, तथा कीटनाशक विषादीहरु केराथेन, व्लाइटक्स ५०, मालाथियन, रोगर, खनिजतेल, जैविक तथा वानस्पतिक विषादी र सुक्ष्मतत्व आदी को कूल मल्यमा ७५ प्रतीशत अनुदान | स्याउ आत्म निर्भर कार्यक्रम लागु भएका जिल्लाहरुमा उत्पादकत्व वृद्धि गर्नका लागी सुन्तला वगैचा सुदृढिकरण अभियान कार्यक्रम संचालन कार्यविधि २०७० मा उल्लेख भए अनुसार विरुवालाइ आवश्यक पर्ने तत्वमा पनि अनुदानको व्यवस्था गरि नमूना प्रर्दशन गर्न |

अनुसुची १२

क) स्याउ खेतीको बार्षिक कार्यतालिका

***ख) स्याउको वोटको उमेरको अधारमा मलखादको मात्रा । (नयाँ)***

| क.सं. | वोटको उमेर (बर्ष) | गोबर वा कम्पोष्ट मल के.जी./वोट | युरिया ग्राम/वोट | डि.ए.पि. ग्राम/वोट | म्युरेट अफ पोटास ग्राम/वोट |
|---|---|---|---|---|---|
| १. | १ | १० | १२३ | ७६ | ११७ |
| २. | २ | २० | २४६ | १५२ | २३४ |
| ३. | ३ | ३० | ३६९ | २२८ | ३५१ |
| ४. | ४. | ४० | ४९२ | ३०४ | ४६८ |
| ५. | ५. | ५० | ५०५ | ३८० | ५८५ |
| ६. | ६. | ६० | ६२८ | ४५७ | ७०२ |
| ७. | ७ | ७० | ८६१ | ५३३ | ८१९ |
| ८. | ८ | ८० | ९८४ | ६०९ | ९३६ |
| ९. | ९ | ९० | ११०७ | ६८५ | १०५३ |